आज मिति २०६५।०९।०१ गतेका दिन प्रमुख जिल्ला अधिकारी एवम जिल्ला विपद व्यवस्थापन समितिका अध्यक्ष श्री खुमकान्त आचार्य ज्यूको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालय दार्चुलामा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा विविध छलफल गरी निम्न बमोजिम निर्णय गरियो।

## उपस्थिति

प्र. जि. अ. — श्री खुमकान्त आचार्य
प्र. ना. उ. — श्री नवराज अधिकारी
प्र. अ. अ. — श्री हिरण्य बहादुर कुँवर
स० प्र० नि० — श्री ईश्वरीदत्त भट्ट
का० अ० जि. स. स. श्री वीरसिंह धामी
का. अ० ने. का. एमाले अमरसिंह महरा
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माओवादी) प्र.प्र. करन सिंह कार्की
आदि हिमाल गा० पा० प्रतिनिधि लाल ब० धामी
कृष्ण धामी फेवरेट मिडिया
ब्याँस गा.पा. अध्यक्ष हेमा भट्ट (जोशी)
डे. ई. ओ (DEOC) Darchula राजकुमार घिमिरे
अध्यक्ष / FNJ दार्चुला शेरसिंह धामी.
सभापति / NRCS दार्चुला गोपालसिंह महरा
रेडियो (ग.क्षे) नरेन्द्र सिंह कार्की
जेसिज / सकल्प नारायण जोशी
रेडियो मल्लिकार्जुन बिरा दत्त भट्ट
नयाँ नेपाल एफ.एम सन्तोषसिंह बोहरा
डमर दत्त भट्ट जि. स्वा. का. दार्चुला
डम्बर बहादुर सिंह रा० प० स० नेपाल स्काउट दार्चुला
उमेश कुमार गुप्ता इन्जिनियर, महाकाली नदी नि. आ. दार्चुला
प्रवीण प्र. कर्माचार्य सब- इन्जिनियर, "
विशेष आमन्त्रित:— श्री हंश राज भट्ट महाकाली न० पा०
जलस्रोत तथा सि.वि.डि-का. दार्चुला, इन्जिनियर राम चरित्र राजक
अमर सिंह धामी डि. व. डी. ओ. दार्चुला
रेडियो दार्चुला कमल राज जोशी
वि. ने. नानी कुमार धपोलिया (DD Cong)

### निर्णय नं. १

नेपाल रेडक्रस सोसाईटी द्वारा सञ्चालित DP-DRR कार्यक्रमको सहयोग वापत उपलब्ध गराएको रबर बोट (सेट सहित) जिल्ला विपद व्यवस्थापन समितिमा उपलब्ध गराईएकोमा उक्त सामाग्री तीन वटै सुरक्षा निकायहरुले आवश्यकताको आधारमा प्रयोग गर्ने गरि सशस्त्र प्रहरी बल दार्चुलाको जिम्मामा रहने गरि हस्तान्तरण गर्ने निर्णय गरियो।

### निर्णय नं. २

नेपाल रेडक्रस सौसाईटी दार्चुला जिल्लाको पहलमा प्राप्त हुन आएका कम्बल, सुतिसाडी र जिनकपडा यस जिल्लाको चिसोबाट बढी प्रभावित हुने अपिहिमाल र व्याँस गाउपालिकाका ७५ वर्ष नाघेका वृद्ध, अपाङ्ग, असाय, असक्त ३२५ व्यक्तिहरुलाई प्रति व्यक्ति १/१ थानको दरले ३२५ थान कम्बल, २६० थान साडी, पुरुषहरुलाई ५/५ मि.का दरले जम्मा ९७५ मि. जिन कपडा (अपिहिमाल गाउँपालिका- ७५ जना:-३० महिला, ४५ पुरुष र व्याँस गाउँपालिका- २५० जना:- १०० महिला, १५० पुरुष) वितरण गर्ने गरियो। उक्त सामाग्री गाउँपालिकाले नागरिकता हेरी नेपाल रेडक्रस सोसाईटी र जनप्रतिनिधिको रोहवरमा १५ दिन भित्र वितरण गरि सक्कल भरपाई नेपाल रेडक्रस सोसाईटी, जिल्ला शाखा दार्चुलामा बुझाउने व्यवस्था गाउँपालिकाले गर्ने निर्णय गरियो।

### निर्णय नं. ३

नेपाल रेडक्रस सोसाईटी केन्द्रिय कार्यालय, विपद व्यवस्थापन विभागको सहयोगमा यस जिल्ला शाखा अन्तर्गत सञ्चालित DP-DRR कार्यक्रमको गतिविधि यस जिल्लामा प्रभावकारी रुपमा समन्वय सहकार्य गरि गाउँपालिका, नगरपालिका, सरकारी, गैर सरकारी सरोकारवालाहरुसंग समन्वात्मक रुपमा जिल्लाको सूचना व्यवस्थापन, तथ्यांङ्क संकलन कार्यमा सहयोग र विपदको समयमा उद्धार तथा राहत कार्यलाई एकद्धार प्रणालीमा जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रले प्रभावकारी भुमिका खेल्दै आएकोले सूचना व्यवस्थापनको लागि अधिकृत कर्मचारी सहित यस जिल्लामा उक्त DP-DRR कार्यक्रमलाई निरन्तरताको लागी नेपाल रेडक्रस सोसाइटी केन्द्रिय कार्यालय, सम्बन्धित कार्यक्रम दातृ निकाय लगायत सरोकारवाला निकायहरु संग अनुरोध गर्ने निर्णय पारित गरियो।